# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक १७, २०७८ कार्तिक २३ मंगलवार (Jhuleni Post Weekly) 09 Nov. 2021 पृष्ठ ८, मुल्य रु. २० साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com





## उपभोग्य बस्तुको मनपरि मूल्य

**झुलेनी पोष्ट**
**प्यूठान**

चाडबाड आएसँगै व्यापारीले उपभोग्य बस्तुको मूल्य बढाएपछि सर्बसाधारण मारमा परेका छन् । दशैं तथा तिहार सकिन लाग्दा समेत व्यापारीले हरेक बस्तुमा मूल्य बढाएका छन् । बजार मूल्य बढेपछि दैनिक ज्याला मज्दुरी गरेर गुजारा चलाउने परिवालाई समस्या परेको छ । व्यापारीहरुले पसलमा मूल्य सूचिनै नराखी, म्याद नाघेका सामान विक्रि गरेर सर्वसाधारण ठगिएका छन् । खुलेयाम ठग्ने काम हुँदासम्म सरोकारवाला निकाय बजार अनुगमनमा निस्केका छैनन् ।

जिल्ला सदरमुकाम खलंगा आसपासका बजारबाट भन्दा ग्रामीण बजारबाट सर्वसाधारण झन धेरै महँगीको मारमा परेका छन् । 'समय समयमा बजार अनुगमन नहुँदा प्यूठानको बजारमा लुट्ने काम भइरहेको छ,' स्थानीय नोमराज पौडेलले भने, 'बजारमा कुरा गर्‍यो होलसेलमै महँगो भएकाले बढाएको जवाफ दिन्छन् ।' बुटवलमै सामान बढेर आएकाले बढाएको होलसेल पसले उत्तर दिने गरेको पौडेलले बताए ।

दैनिक उपभोग्य सामान मध्य बसैभन्दा धेरै खाने तेल, चामल, चीनी, चिउरमा बढेको उपभोक्ताले गुनासो गरेका छन् । मैदा, दाल, चाउचाउ, मसला, नुन लगायत बस्तुमा १० देखि २० प्रतिशित सम्म मूल्य बढेको पौडेलले बताए । दैनिक उपभोग्य सामानको मूल्य बढेपछि न्यून आय भएका सर्वसाधारणलाई बिहान बेलुका चुलो बाल्न सकस भएको छ । मूल्य बृद्धिको असर सदरमुकाम आसपासमा बजारमा भन्दा ग्रामीण क्षेत्रका बजारमा बढी भएको गौमुखी मावि ठूलाबेसीका शिक्षक जायेश्वर जैसीले बताए । जिल्लाको बाहाने, मच्छि, ठूलाबेसी, चुजाँठाटी, ढुंगेठाटी, बरौला, ढाड, खरिबोट लगायत बजारमा दैनीक उपभोग्य बस्तु छोइ नसक्नु गरी बढेको उपभोक्ताले गुनासो गर्ने गरेको जैसीले बताए । स्थानीय तह सञ्चालन ऐन २०७४ ले बजार अनुगमनको अधिकार स्थानीय तहलाई दिएकोले प्रशासनले अनुगमन गर्ने गरेको छैन ।

स्थानीय सरकारले पनि अनुगमन संयन्त्र बनाउन सक्ने अधिकार भएपनि जिल्लाका ९ वटै स्थानीय तहलले बजार अनुगमन गरेका छैनन् । नियमित अनुगमन नहुँदा चाडवाडका बेला उपभोक्ता ठगिदै आएका छन् । खुलेयाम रुपमा ब्यापारीहरुको मपनरी बढ्दा पनि सरोकारवाला मौन रहेका छन् ।

## जीवनको रङ्ग

## कृषि प्रविधिमा रमाउँदै किसान

**एलबी थापा**
**झुलेनी पोष्ट**

प्यूठान नगरपालिका-८, अप्रेङखोलाकी विपना भण्डारीलाई हातेट्याक्टर लिएदेखि तरकारी खेती गर्दा खनजोत गर्न निकै सजिलो भएको छ । शरिरभरी पसिनैपसिना भएर खन्नुपर्ने बाध्यता पनि उनलाई टरेको छ । महँगो ज्याला तिरेर हल गोरु बेसाउनुपर्ने झन्जट हटेको उनले बताइन् । ट्याक्टर ल्याएपछि आफ्नो मात्र नभएर उनले छिमेकीको खेतबारी जोतेर हिजो आज आम्दानी समेत लिन थालेकी छन् । 'हाते ट्याक्टर ल्याएपछि खेतिपाती गर्न धेरै सजीलो भएको छ,' उनले भनिन्, 'बर्खा हिउँद जे भएपनि चाहेको बेला खटटट्ट् जोत्न सजिलो भएको छ ।'



ट्याक्टर लिएपछि पाँच रोपनी खेत लिजमा लिएर व्यसायिक तरकारी खेति गर्न थालेको विपनाका श्रीमान गणेशले बताए । 'आफ्नो काम सकेर बोलाएका बेला जोत्न लग्ने गरेका छौं,' उनले भने, 'यसले थप आम्दानी भएको छ ।' गाउँमा सबैले गोरु पाल्न छाडेकाले ट्याक्टरको महत्व र माग बढ्दै गएको उनले बताए । 'खनजोतको काम सबै यसैले गर्छ,' ट्याक्टर जोत्दै गर्दा भेटिएकी विपनाले भनिन्, 'अरु खेताला चाहिदैन ।' विशेष गरेर अन्तरबाली लगाउदा धेरै सजीलो भएको उनले बताइन् । उनीहरुले प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा ३२ हजार ५


बाँकी ३ पेजमा.....


## हाम्रो नजर

## हराउँदै मौलिक भैलो



*परम्परागत रुपमा नाचिने मारुनी नाँच तथा भैलो संस्कृती हराउँदै गएको छ । पहिले पहिले पुरुषहरु सिंगारिएर गाउँ घरमा भैलो नाँच नाँच्ने गर्दथे । भैलो खेल्ने प्रचलन युवा पुस्ताले छोडेका छन् । मखमली फुलका माला, उचाल्नै नसकिने खमारीका मादल, बाँसुरीको धुन सहित सिंगारिएर भैलो खेलिन्थ्यो । पुराना पुस्ताबाट नयाँ पुस्ताले मौलिक संस्कृतिको सिको नगर्दा परम्परागत भैलो लोप हुन थालेको छ ।*

*आजभोली भने युवाहरुले स्पिकर तथा साउण्ड सिस्टम बजाएर भैलो नाँच नाँच्ने गर्दछन् । आजभोलीको भैलो नाँच रमाइलोको लागि भन्दा पनि पैसा उठाउने र बनभोजका लागि केन्द्रित हुने गरी देउसी खेल्ने गर्दछन् । बलि राजाको नाम लिएर खेलिने मौलिक संस्कृति सहितको भैलो संस्कृति हराउँदै जानुमा पछिल्ला युवा पुस्ता हुन् । हालका युवा पुस्ताले पुरानो संस्कृतिको सिको नगर्दा पछिल्ला पुस्तामा पुस्तान्तरण नहुने भएकाले परम्परागत संस्कृति जोगाउन आवश्यकता देखिन्छ ।*

## पुल बनेपछि स्थानीयलाई सहज



*यहाँका स्थानीय वर्षौदेखि पुल नबन्दा समस्यामा थिए । झिमरुक खोला स्थित ढाँड तुषारा जोड्ने पुल नहुँदा स्थानीयलाई सास्ती थियो । हिउँद याममा समेत खोला तर्न मुस्किल हुने यो ठाउँमा वर्षामा खोला तर्न सकिदैनथ्यो । यहाँ पुल नहुँदा यो क्षेत्रका तुषारा, लिवाङ, टिमुरचौर लगायतका स्थानीय आधा घण्टा पर नारीकोट रातामाटा नजिकैको झोलुङ्गो पुल तर्न जानुपर्दथ्यो । वर्षायामा खोला तर्ने क्रममा यस क्षेत्रका कैयौं स्थानीयले ज्यान गुमाउनु पर्ने बाध्यता थियो । १०२ मिटरको ढाँड स्याउलीघारी पुल बनेपछि स्थानीयलाई सहज भएको छ ।*




झुलेनी पोष्ट

सम्पादकीय ....

## कृषिजन्य उत्पादनलाई जोड देउ

*नेपाल कृषि प्रधान देश हो । कृषि प्रदान देश हो भनेर हामीले गर्व गर्ने गर्दछौ । तर, कृषिको अवस्था निरन्तर ओरालो लागिरहेको छ। विगत पाँच दशकका तथ्याकंहरुको विश्लेषण गर्दा हामी निर्यातको अवस्थाबाट हाल आयातमा निर्भर भईसकेका छौं । राष्ट्रको दुई तिहाई जनसंख्याको जीविकोपार्जनको मुख्य श्रोत रहेको कृषि क्षेत्र ओझेलमा पर्नु राम्रो होइन । नीतिगत रुपमा प्राथमिकता पाए पनि यथेष्ट श्रोतको उपयोग गर्न नपाउँदा सोचिएको सफलता कृषि क्षेत्रमा प्राप्त हुन सकेको छैन। कृषि प्रदान देश हाम्रो नेपालमा पछिल्लो समयमा कृषिमा आधारित व्यवसायहरु बिस्तारै फस्टाउन थालेका छन् । वर्तमान समयमा कोरोना महामारीका कारण उत्पन्न हुन सक्ने खाद्य संकट र बेरोजगारी समाधान गर्ने अचुक अस्त्रको रुपमा कृषिलाई चित्रित गरिएको छ। समय क्रममा राष्ट्रले राजनीतिक, सामाजिक क्षेत्रमा सकारात्मक प्रगति गरिरहँदा तथा समाजका विभिन्न पेशाकर्मीहरुले आफ्नो सामाजिक र आर्थिकस्तरमा उल्लेखनीय सुधार गरिरहँदा कृषी र कृषकको अवस्थामा भने कुनै परि वर्तन आएको् छैन ।*

*कोभिड लगायतका महामारीका कारण अन्तराष्ट्रिय रुपमा आएको मन्दी र गुमेका रोजगारीका कारण नेपालमा कृषिको आवश्यकता अन्य समयभन्दा बढी महशुस गरिएको छ । तर कृषि र कृषकलाई अपहेलित र न्यून स्तरको पेशा वा समाजमा केही नभएकाले अंगाल्ने दुखेलो पेशाकोरुपमा बुझिदासम्म यस क्षेत्रले सफलता हासिल गर्न सक्दैन । विदेशिएका नेपालीको भन्दा स्वदेशमै कृषिकर्म गरेका नेपालीको इज्जत र सम्मान उच्च नभएसम्म कृषिमा युवा रुचि बढाउन सकिदैन। पछिल्लो समयमा विदेशबाट फर्केका युवा बाख्रापालन ,कतै मौरीपालन,कतै गाईभैंसी पालन त कतै प्रशस्त मात्रामा तरकारी खेती गरेर आफ्नो जिविकोपार्जन गर्न थालेका छन्।तर उनीहरुलाई उपयुक्त मुल्य तथा बजारको अभावका कारण र अन्य पेशा जस्तो गरि समाजले हेर्ने फरक दृष्टिकोणका कारण समस्या पर्ने गरेको देखिन्छ । कृषिको विकासको लागि नेपाल सरकारले आन्तरिक श्रोत तथा अन्तर्राष्ट्रिय सहयोगमार्फत विभिन्न आयोजनाहरु सञ्चालन गरिरहेको भएता पनि सफल परियोजना निकै थोरै रहनुले हाम्रा कृषि नीति र प्राथमिकतालाई नयाँ तरिकाले प्राथमिकिकरण गर्नु आवश्यक देखिएको छ ।*

*सामूहिक हक लाग्ने गरि किसानका खेतबारी चक्लाबन्दी, सरल र सहुलियतपर्ण ऋणको व्यवस्था, साना ठूला सबैको कृषकमा बाली तथा पशुपन्छी बिमाको उपलब्धता, यान्त्रिकिकरण, कृषक र प्राविधिकलाई बिमा सुविधा, प्राविधिक सेवाको सहज उपलब्धता, सरकारी निजी सहकारी सहकार्यमा जोड, उत्पादन बिक्रीका आधार मा अनुदानको व्यवस्था, प्राङ्गारीक मल उत्पादन तथा उपयोगमा प्रोत्साहन, विभिन्न रोग नियन्त्रणमा राष्ट्रिय अभियान संचालन गरि कृषक र प्राविधिकमाझ उत्साह भर्न र नयाँ युवाहरुलाई कृषि प्रति आकर्षित गर्न सकिन्छ। बदलिदो परिस्थितिमा कृषि विकास रणनीति, राष्ट्रिय कृषि नीति लगायतका ऐन कानुनहरुलाई अद्यावधिक गरि आवश्यकता अनुसार थप नयाँ र प्राविधिकभन्दा कृषकमुखी कानुनको निर्माण गर्नु पर्दछ । संविधानले खाद्य सम्बन्धी हकलाई मौलिक हक मानेको हुँदा हरेक नेपालीलाई खाद्यान्नको सुनिश्चितता गर्न कृषि उत्पादनमा आत्मनिर्भर हुनुको विकल्प छैन । हाम्रो जस्तो प्राकृतिक श्रोतले सम्पन्न मुलुकले भौगोलिक परिवेशअनुसारका खाद्यान्न बाली र पशुपन्छी पालनलाई प्राथमिकिकरण र प्रोत्साहन गरि 'एक स्थानीय तह एक उत्पादन' को अवधारणालाई पूर्णपालना गराई खाद्य सम्प्रभुताको मार्ग अवलम्बन गर्नु सबैभन्दा उपर्युक्त मार्ग हो ।*

# सरकार ! न्याय कहाँ छ ?



जगदीश दाहाल

अहिले न सरकार आफैंले कानुनको पालना गरेको छ, न त नागरिकलाई नै गर्न प्रेरित गरेको छ । शेरबहादुर देउवा नेतृत्वको सरकारको सय दिन पूरा भएको छ। यी सय दिनमा पाँचदलीय गठबन्धनको सरकार अव्यावहारिक देखिएको छ। संविधानको पालना गर्ने र त्यसको पालना गराउने अर्थात् कानुनको पालना गर्ने र नागरिकलाई त्यसको पालना गराउने मुख्य जिम्मेवारी सरकारको हो। अर्थात् सरकार आफैंले कानुनसम्मत ढंगबाट काम गर्ने र आमनागरिकलाई पनि कानुनसम्मत चल्न, कानुनअनुसारकै व्यवहार देखाउन र सही दिशामा हिँडाउनु सरकारको दायित्व हो। तर, अहिले न सरकार आफैंले कानुनको पालना गरेको छ न त नागरिकलाई नै गर्न प्रेरित गरेको छ ।

सरकार कानुनसम्मत भएन भने गल्ती औंल्याउने, त्यसलाई सच्याउने, अन्यायमा परेकालाई न्याय दिलाउने काम न्यायपालिकाको हो। तर, न्यायपालिकाले पनि निष्पक्षरूपमा काम गरेको देखिँदैन। न्यायपालिकाले पनि सरकार अनुकूलको काम मात्र गर्ने हो । उसले सरकारलाई सहयोग पुऱ्याउने काम मात्र गर्ने हो। सरकारका निर्णयहरूलाई कहीँ कतैबाट छेकबार नलाग्ने आदेश दिने काम गर्छ । सरकारका गैर संवैधानिक निर्णयलाई चुनौती नदिने, नसच्याउने, जे गर्दा पनि हुने वातावरण र परिस्थिति रहँदासम्म कानुनी राज्यको स्थापना हुन सक्दैन । यो भने कानुनी राज्यको उपहास हो ।

अझ नागरिकले स्वतन्त्ररूपमा रोजगारी गर्न पाउने अधिकार, कानुनसम्मत नियुक्ति पाएका कर्मचारीहरूले कानुनसम्मत तोकिएको अवधिसम्म काम गर्न पाउने अधिकार हुन्छ । सोसमेत सरकार परिवर्तन हुँदा हरण हुने अवस्था सिर्जना भएको छ। हरेक नयाँ सरकारले अघिल्लो सरकारका पालामा जिम्मेवारी पाएका नागरिकको अधिकार खोस्ने, बर्खास्त गर्ने, विभिन्न किसिमका लाञ्छना आरोप कथा बनाएर जागिरबाट हटाउने काम गर्दै आएका छन्। त्यो कामलाई अहिलेको सरकारले पनि निरन्तरता दिएको छ र त्यसलाई झनै नयाँ उचाइमा पुऱ्याएको छ। अर्थात्, सरकारले गैरकानुनी रूपले संविधानले देशका नागरिकलाई दिएको मौलिक हक र अधिकारको हरण गर्ने काम गरेको छ। यसरी सरकारले हरण गरेको अधिकार अदालतले सच्याएको देखिँदैन। जसले गर्दा न्याय निरूपण नहुने, सरकारले जे गर्दा पनि सरकारकै समर्थनमा फैसलाहरू हुने काम भइरहेका छन् ।

त्यसैले पनि होला, राजनीतिक आयस्ताका आधारमा गैरकानुनी तवरले रोजगारी खोस्ने, नियुक्ति बदर गर्ने, काम गरिरहेका मानिसलाई बर्खास्त गर्ने, कहीँ कसैले पाइरहेको काम ठेक्कापट्टा रद्द गर्नेजस्ता गैरकानुनी कामहरू पछिल्लो समय बढेको देखिन्छ। यी कानुनसम्मत काम होइनन्। गैरकानुनी र अन्यायपूर्ण काम हुन्। बाटो बिराएको सरकारलाई न्यायपालिकाले समात्नुपर्ने हो। व्यवस्थापिकाले बनाएको कानुनको सही कार्यान्वयन भए, नभएको व्याख्या गर्ने र सच्याउने काम पनि न्यायपालिकाको हो। त्यसमा न्यायपालिका चुक्दा सरकारलाई गैरकानुनी काम गर्न मनोबल बढेको छ। संविधानको रक्षा गर्ने नाममा सरकारले कानुनी राम राज्यको धज्जी उडाएको छ। अघिल्लो सरकार गैरसंवैधानिक भयो भनेर त्यसलाई हटाएर नयाँ बनेको सरकारले सय दिनमा एकपछि अर्को गैरकानुनी काम गर्दै गएको छ । विवाद नै विवादमा परेको छ ।

गठबन्धनको सरकारले सुरुमै कर्मचारी प्रशासनमा हस्तक्षेप गरेको देख्न सकिन्छ। सरकारले सरकार बन्दाको ८८ दिनसम्म मन्त्रिमण्डल विस्तार गर्न सकेको थिएन। अर्थात् डेढ दर्जन मन्त्रालय नेतृत्वविहीन हुँदाकै स्थितिमा सरकारले कर्मचारी प्रशासन चलाउन थाल्यो। त्यसै समयमा झन्डै १५ जना सचिवको सरुवा भयो। सय दिनको अवधिमा १ सय ४० भन्दा बढी सहसचिवको सरुवा गरियो। उपसचिवहरूको सरुवा पनि त्यसै रूपमा भयो। मात्र सय दिनको समयमा करिब ६० जिल्लामा प्रमुख जिल्ला अधिकारी फेरिए। अर्थात्, सरकारले व्यापक रूपमा कर्मचारी तन्त्रमाथि हस्तक्षेप गरेको छ। जुन पक्कै पनि सुहाउँदो कुरा होइन। यस अलावा संसद् अधिवेशन अन्त्य गरेर दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने कुरा होस् या राजदूतहरू फिर्ता बोलाउने निर्णय सबै विवादित बन्न पुगे ।

उता सरकारले भूमिसम्बन्धी समस्या समाधान आयोग खारेज गरिदियो। केपी ओली नेतृत्वको सरकारले गठन गरेको आयोग खारेज गरेर आफूनिकट नेताहरूको संलग्नतामा नयाँ आयोग खडा गयो। आफूअनुकूल नियुक्ति गर्न सहज नदेखेपछि गठबन्धनको सरकारले आयोग नै खारेज गरेर नयाँ आयोग गठन गरी अनुकूल व्यक्तिहरूलाई नियुक्ति गरेको छ। नेपाल खेलकुद परिषद्का सदस्यसचिव, राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष, युवा तथा साना रोजगार व्यवसायी कोषका कार्यकारी निर्देशकसमेत सरकारले हटाउने निर्णय गरेको छ। सरकारका यस्ता निर्णयले कानुनी राज्यको स्थापना हुन सक्दैन ।

नियमनकारी निकायका प्रमुखहरूलाई बर्खास्त गरिनु र गर्न खोजिनु राम्रो कुरा होइन। जुन निकायले नियमन गरेको छ, त्यसमा स्थायित्व आवश्यक छ। तर, यस्ता निकायमा अस्थिरता निम्त्याउनु, पूरा कार्यकाल काम गर्न नदिनु र सरकारकै तर्फबाट हस्तक्षेप हुनु गैरकानुनी क्रियाकलाप हो। यस्ता गैरकानुनी कामले मुलुकका हरेक क्षेत्रलाई प्रभावमा पार्छ। खेलकुद परिषद्मा गरिएका काम कारबाहीबाट खेलकुदमा प्रभाव पार्छ। धितोपत्र बोर्डमा गरिएको काम कारबाहीबाट पुँजी बजारमा प्रभाव पार्छ। यस्ता कुरा गठबन्धनले नगर्नु नै राम्रो हो। गठबन्धनले अदालतको नेतृत्वलाई विवादमा तान्ने र न्यायपालिकामाथि शंका, उपशंका उब्जाउने काम गरेको छ। यस्ता क्रियाकलापले राज्यलाई कमजोर बनाउँछ। राज्य कमजोर हुनुहुँदैन ।

नेताहरूमा आआफ्ना दलगत स्वार्थ राज्नु नेतृत्व र सत्ताको महवाकांक्षा हुनु स्वाभाविक हो। तर, जसरी पनि गर्नु नै पर्छ भन्नु राम्रो होइन। मुलुकको स्वार्थ भुलेर राजनीति गर्न आफू र आफ्नो दलको मात्र स्वार्थ हेर्नु त्यति कुरामा मात्र केन्द्रित भएर काम कारबाही गर्नु मुलुकको हितमा हुँदैन ।

यदि सरकार आफैं कानुनअनुसार चल्दैन भने त्यहाँ कसैले पनि कानुनको पालना गर्दैन। सरकार आफैं कानुनसम्मत चल्नुपर्छ। कानुनको पालना गर्नुपर्छ र नागरिकलाई कानुनको पालना गराउनुपर्छ। तर, आफैं गैरकानुनी बाटो हिँड्ने सरकारले नागरिकलाई गैरकानुनी काम गर्नबाट रोक्न सक्दैन। त्यसैले होला सरकारकै कारणले मुलुकमा अराजकता निम्तिन लागेको छ।

आमउपभोक्ता मर्कामा पर्न थालेका छन्। जस्तो कि एउटा ट्याक्सीले मिटरको आधारमा भाडा लिएर यात्रा गर्न मान्दैन। एउटै रुटमा चल्ने दुईवटा बसले फरकफरक भाडा असुल्छन्। दुई ठाउँका मासु पसलेले फरकफरक मूल्य लिन्छन्। हरेक तरकारी र फलफूलका भाउ पसलै पिच्छे फरक फरक हुन्छन्। आमउपभोक्ता मारमा परेका छन् ठगिएका छन्। जसरी पनि एकले अर्कालाई ठग्ने नियतले काम कारबाही भएका छन् ।

यस्तो किन भयो त भन्दा देशमा रहेका अराजक तथा ठग व्यक्तिहरू कानुनसँग डराउन छाडे। उनीहरू सरकारले त कानुनको पालना गरेको छैन भने हामीले किन गर्ने भन्न थाले। व्यापार व्यवसाय नाफा गर्नकै लागि सञ्चालन गर्ने हो। तर, नाफा कमाउनु भनेको ठग्नु होइन। अहिले व्यापारीले उपभोक्तालाई ठग्छन् र उपभोक्ता ठगिएका छन्। त्यसको नियमन र नियन्त्रण राज्यबाट हुनुपर्ने हो तर सरकार आफैं गैरकानुनी काममा मुछिएको छ। गलत बाटोमा हिँडेको छ भने त्यसले गैरकानुनी काम गर्ने कसैलाई पनि गैरकानुनी काम गर्नबाट रोक्न सक्दैन ।

त्यसैले गठबन्धनले हालसम्मका कामको समीक्षा गर्नुपर्छ। आफू कहाँ कहाँ चुकियो त्यसलाई ध्यानमा राखेर अब अगाडि कसरी बढ्नुपर्छ। त्यसतर्फ ध्यान दिनुपर्छ अन्यथा मुलुक दुर्घटनातर्फ जाने निश्चित छ। सरकारले कर्मचारीतन्त्र अर्थात् कार्यपालिकालाई हस्तक्षेप गर्नु हुँदैन। कानुनी रूपले नियुक्ति भएको व्यक्तिलाई काम गर्न दिनुपर्छ ।

यसरी हरेक सरकारले सरकारैपिच्छे महत्वपूर्ण अंगका नेतृत्वहरू परिवर्तन गर्दै जाने हो भने राज्य प्रणाली ध्वस्त भएर जान्छ। गठबन्धनले त्यसतर्फ ध्यान दिनुपर्छ।

# जनज्योतिद्वारा जिल्लाव्यापी दौड प्रतियोगिता

झुलेनी पोष्ट

प्यूठान

जनज्योति सामुदायिक विकास केन्द्र टिकुरि प्यूठानले जिल्लाव्यापी दौड प्रतियोगिता सम्पन्न गरेको छ। केन्द्रको ४१ औं वार्षिक उत्सवको अवसरमा पुरुष तथा महिला प्रितयोगिता आयोजना गरीएको हो। ३ दशमलव ५ किलो मिटर दुरी रहेको दौडमा पुरुष तर्फ नविन जिसि प्रथम, नरेश धामि द्वितिय र बिनोद बस्नेतले तृतिय स्थान हासिल गरेका छन् । त्यसैगरी महिला तर्फ कान्ति सापकोटा प्रथम, नविना घर्ति द्वितिय र सपना शर्माले तेस्रो स्थान हासिल गरेकी छिन। बिजेताहरुहरुलाइ बिहिवार



वार्षिकउत्सवको दिन पुरस्कार वितरण कार्यक्रम राखीएको छ । स्वास्थ्यका लागि खेलकुद रास्ट्रका लागी खेलकुद भन्ने मूल नाराका साथ आयोजित प्रतियोगितामा १५ वर्ष माथि उमेर समूहका जिल्लाभरका दौड खेलाडिहरु सहभागि रहेको कार्यक्रम संयोजक माधव पोखेलले बताए। दौड प्रतियोगितालाई अस्थायी प्रहरी चौकी बाग्दुलाले ट्राफिक व्यवस्थापनमा सहयोग गरेको थियो।

# प्यूठानमा जिल्ला क्रिकेट संघको अध्यक्षमा पुन

झुलेनी पोष्ट

प्यूठान

जिल्लामा प्युठान जिल्ला क्रिकेट संघ तदर्थ समिति गठन भएको छ। जुम्रिमा एक कार्यक्रमको आयोजना गरी तेजबहादुर पुनको अध्क्षतामा ११ सदस्यीय तदर्थ समिति गठन भएको हो। निर्विरोध चयन भएको सघको उपाध्यक्ष सन्दीप श्रेष्ठ, सचिव जीवन खनाल र कोषाअध्क्ष आशिष श्रेष्ठ चयन भएका छन्। सदस्यहरुमा महेन्द्र वि.क., उमेश घर्तिमगर, मिलन राना, गणेश गिरी, किरण बुढामगर, हुकुम परियार र अमित थापा मगर छन्। जिल्ला क्रिकेट संघ तदर्थ समिति गठन भएसँगै नेपाल क्रिकेट संघ (क्यान) को जिल्ला सदस्यता प्राप्तिको लागि




प्यूठानलाई पनि बाटो खुलेको नवगठित संघका अध्यक्ष पुनले जानकारी दिए। यो समितिको प्रमुख उदेश्य क्यानबाट पूर्ण सदस्यता मान्यता पाउनका लागि हरतरह कार्य गर्ने उनले बताए। संघमा प्यूठान जिल्ला नहुँदा क्रिकेट खेल पछाडी परेको उनको भनाइ छ। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष श्याम बहादुर थापाको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रम आयोजना गर्न पत्रकार दु आर क्षेत्रीले समन्वय गरेका थिए। जिल्लामा संघ नहुँदा जिल्ला बाहिरका संघसँग जानुपर्ने बाध्यता रहँदै आएकोले जिल्लामै समिति गठन गरी छिट्टै दर्ता प्रक्रियामा जानुपर्नेछ।

# एमाले प्यूठानका स्थानीय तहमा सर्वसहमत नेतृत्व

झुलेनी पोष्ट

प्यूठान

नेकपा एमाले गौमुखी गाउँपालिका कमिटि जुमानसिंह जि.सी.को नेतृत्वमा चयन भएको छ। सर्वसहमतीका लागि प्रथम अधिवेशनको बन्द सत्र स्थगित भएको थियो। मंगलवार बिहान निर्वाचित कमिटिको उपाध्यक्ष शुवास के.सी., सचिव बसन्त चन्द, सह सचिव याम बहादुर थापा र दिपा बोहोरा रहेका छन्।

कमिटिका सदस्यहरु यसअघि नै सर्व सहमतिमै चयन भएका थिए। अध्यक्ष पदका लागि आयोजक समितिका अध्यक्ष जुमानसिंह जि.सी. र ज्ञानुमाया के.सी.को दावेदारी थियो। यो सँगै जिल्लाका ९ वटै स्थानीय तहमा सर्वसहमतिमा नेतृत्व चयन भएका छन्। यसअँघि जिल्लाका ९ वटै वडामा




वडा अधिवेशन सर्वसहमत सम्पन्न भएका छन्। प्यूठान नगरपालिकामा सर्वसहमतिमा आउँन नसक्दा ५ दिन पछि सर्वसहमतिमा भई गत आइतवार सपथ ग्रहण गरेका छन्। प्यूठान नगरपालिकामा टंक बहादुर खड्का, नौ बहिनीमा विष्णु के.सी., मल्लरानीमा सुनिल शाही, झिमरुकमा ईन्द्रमणि पोखेल, माण्डवीमा याम बहादुर घिमिरे, ऐरावतिमा श्याम थापा, सरुमारानीमा बसन्त जि.सी., स्वर्गद्वारीमा रामप्रसाद श्रेष्ठ सहित पदाधिकारी निर्वाचित भए।

## प्रविधिमा रमाउँदै........

सय रुपैयाँ लगानी गरेर हाते ट्याक्टर लिएका हुन्। ट्याक्टर लिदा लागेको खर्च लगभग उठाइसकेको भण्डारीले बताइन्। प्यूठान नगरपालिका–८ खप्रेडखोलाको बृहत साना किसान कृषि सहकारी संस्था लिमिटेडमा आवद्ध अन्य किसानले पनि हाते ट्याक्टर लिएर नयाँ प्रविधिमा रमाउदै छन्। यहाँ धेरै किसान व्यवसायिक तरकारी खेतीमा लागेका छन्।

उनीहरुलाई आधुनीक प्रविधिले धेरै सहज भएको स्थानीय माधबराज भण्डारीले बताए। भण्डारीका अनुसार गाउँमा सिता पण्डीत, सन्तोष जीसी, यसोदा शर्मा लगायत किसानले अनुदानमा हातेट्याक्टर लिएका छन्। 'दिनभर हलगोरु लगाएर जोत्ने मेला ट्याक्टर लगाउदा केहि घण्टामै सकिन्छ,' स्थानीय किसान कमल गिरीले भने, 'धान रोप्ने गहुँ छर्नेदेखि आलु रोप्न समेत ट्याक्टरको भर भएको छ।' उनले ट्याक्टरले खेतबारी जोताउदा छिटो र सस्तो पर्ने गरेको बताए।

गाउँमा खेति गर्नको लागि आधुनिक प्रविधिको प्रयोग नौलो नभएको गिरीले बताए। गाउँमा खेति गर्ने युवा पीढि जति विदेश भएकाले प्रविधि नभित्रीएको भए धेरै खेतबारी बाँझै हुने अवस्था रहेको गिरीले सुनाए। 'हलगोरु पाल्न धेरै मेहनत गर्नुपर्छ,' उनले भने, 'ट्याक्टरले धेरै सहज बनाएको छ।' उनले धान झार्ने, मकै खोसल्ने, सम्मका मेसीन गाउँमा भित्रेको बताए। स्थानीयदेखि प्रदेश सरकारले कृषि प्रविधिमा कृषकलाई सहयोग गर्न थालेपछि किसानलाई खेतिपाती गर्न सहज हुँदै गएको गिरी बताउँछन्।

उनले गोरु भन्दा प्रविधिको प्रयोग गर्न किसान उत्सुक रहेको बताए। बाटाघाटा सहज भएका क्षेत्रमा आधुनिक प्रविधि प्रयोग गर्न प्यूठानका किसान निकै हौसीएर लागेको कृषि ज्ञान केन्द्रले जनाएको छ। प्यूठानमा स्थानीय तह र प्रदेश सरकारको ५० र ७५ प्रतिशत अनुदानमा मिनीटिलर, गहुँ, धान थ्रेसर, चाँपकटर लगायत आधुनिक कृषि औजार १ सय ९७ कृषि समुहलाई वितरण गरिएको कृषि ज्ञानकेन्द्र दाङका कृषि अधिकृत टोपबहादुर थापाले जानकारी दिए। 'आधुनीक कृषि प्रविधिमा किसान रमाउँदै छन्,' थापाले भने, 'महिलाहरुले समेत आधुनिक प्रविधि चलाएर कृषि धानेका छन्।'

# छोटकरी

## सराँय नाच नगर्न प्रशासनद्वारा सुचना जारी

झुलेनी पोष्ट

प्यूठान

यसवर्ष प्यूठानमा सराँय नाचका कार्यक्रम नहुने भएको छ। जिल्ला प्रशासन कार्यालय प्यूठानले बुधवार सुचना जारी गर्दै सराँय नाचका कार्यक्रमहरु नगर्न नगराउन अनुरोध गरेको छ। जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकको सिफारिसको आधार मा यस अघि जारी भएको निषेधाज्ञा सम्बन्धी आदेशका केहिं विषयहरुलाई निरन्तरता दिदै यस्तो निर्णय भएको हो।

जारी गरीएको सुचना अनुसार देउसी भैलो कार्यक्रम गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्दै बेलुकी ८ बजेसम्म मात्र गर्न सकिनेछ। प्रशासनले चाडपर्वको अवसरमा पटका, अतिसवाजीजन्य प्रज्वलनशिल विष्फोटक पदार्थहरुको निकासी, पैठारी, ओसारपसार, विक्रि वितरण तथा प्रयोग नर्गन समेत अपिल गरेको छ। सुचनाको वर्खिलाप हुने गरी कार्य गरे गराएको पाइएमा प्रचलित कानुन बमोजिम कार वाही हुने बताइएको छ।

कोचिड संक्रमणको रोकथाम, नियन्त्रण, निदान र उपचार सम्बन्धमा (मन्त्रीपरिषद) को निर्णय, कोभिड–१९ व्यवस्थापन निर्देशन समितिको स्मार्ट–लकडाउन सम्बन्धी कार्यविधि २०७८ बमोजिम बुधवार बसेको सर्वदलिय सर्वपक्षिय बैठकको निर्णय अनुसार प्रशासनले सुचना जारी गरेको हो।

## जिप दुर्घटना : १ को मृत्यु, १९ जना घाइते

झुलेनी पोष्ट

प्यूठान

दाङमा जीप दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ। १९ जना घाईते भएका छन। सल्यानको कालिमाटीबाट दाङको तुल्सीपुर तर्फ आउँदैगरेको भे १ ज ५२२ नम्बरको जिप दाङको बबई गाउँपालिका २ एक्लेबरमा दुर्घटनामा परेको प्रहरीले जनाएको हो। दुर्घटनामा सल्यान जिल्ला कालीमाटी गाउँपालिका ३ का सवारी धनी अन्दाजी बर्ष ३५ का देब बहादुर सुनारको घटना स्थलमा नै मृत्यु भएको थियो। १९ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ। दुर्घटनामा परि घाईते भएकाहरु मध्य पाँच जनाको अवस्था गम्भिर र बाँकीको अवस्था मध्यम रहेको जिल्ला प्रहरी कर्यालय दाङले जनाएको छ।

घाइतेहरुको तुल्सीपुर स्थित राप्ती प्रादेशीक अस्पतलमा उपचार भैरहेको जिप्रका दाङका प्रहरी नायव निरिक्षक मोहन जंग बुढाथापाले जनाकारी दिए। क्षमता भन्दा बढी यात्रु बोकेको, सडकको अवस्था जिर्ण रहेको र जिप तिब्र गतिमा रहेको कारण अनियन्त्रीत भई दुर्घटना भएको प्रहरीले जनाएको छ। जिप दुर्घटनाग्रस्त सडक भन्दा करीब २ सय मिटर तल खसेको थियो।

## सल्यान बस दुर्घटनामा १२ जनाको मृत्यु

झुलेनी पोष्ट

प्यूठान

सल्यानमा आइतबार बस दुर्घटनामा परि १२ जनाको मृत्यु भएको छ। सल्यानको जैतेपानीबाट दाङको तुलसीपुरका लागि छुटेको रा१ख २५५२ नम्बरको यात्रुबाहक बस कपुरकोट गाउँपालिका ५ खारखोला नजिकै दुर्घटना भएका जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी प्रमुख गोविन्द थापाका अनुसार मृत्यु हुनेमा दाङको शान्तिनगर ८ बस्ने ३५ वर्षिया सावित्रा केसी, सोहि वडाका ५ वर्षिय सुरज वली, बबई ४ की ६० वर्षिया डुली रेउले, वडा नम्वर ६ पञ्कुलेकी ७० वर्षिया कलावती बुढाथोकी, घोराही उपमहानगरपालिका वडा नम्बर १० नारायणपुरकी ६५ वर्षिया इन्द्रा अधिकारी, सल्यानको शारदा नगरपालिका वडा नम्बर २ की ६१ वर्षिया मीना डाँगी, शारदा ३ की ६६ वर्षिया लीला बुढाथोकी, त्रिवेणी गाउँपालिका वडा नम्बर १ काभ्राकी २४ वर्षिया मीना शाही , छत्रेश्वरी गाउँपालिका वडा नम्बर २ का २९ वर्षिय तिलक वली र शारदा नगरपालिका वडा नम्बर १२ घर घई हाल दाङको तुलसीपुर उपमहानगरपालिका वडा नम्बर ६ बस्ने ५३ वर्षिया प्रभा चलाउने रहेका छन्। अन्य दुई जना मृतकको सनाखत हुन बाँकी हुन नसकेको उनले बताए। ६ जनाको घटनास्थलमा र अन्य ६ जनाको विभिन्न अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो। दुर्घटनामा परी घाईते भएका २८ जनाको विवरण खुल्न बाँकी रहेको उनले जानकारी दिए। घाइते मध्ये पाँच जनालाई हेलिकप्टरमार्फत कोहलपुर लगिएको र अन्य थप दुई जनालाई पनि कोहलपुर हेलिकप्टरमार्फत् घाइतेलाई पठाउने तयारी भैरहेको पनि प्रमुख थापाले बताए।

झुलेनी पोष्ट साप्ताहिक
विज्ञापन प्रकाशनका लागि सम्पर्क
०८६-५९०४३६
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार
Email : jhulenipyuthan@gmail.com

# राष्ट्रिय जनगणना: बहुआयामिक परीक्षण

राष्ट्रिय जनगणना-२०७८ को मूल गणना कात्तिक २५ देखि मङ्सिर ९ सम्म हुँदैछ । 'मेरो जनगणना, मेरो सहभागिता' नाराका साथ केन्द्रीय तथ्याङ्क विभाग १२औँ राष्ट्रिय जनगणनाअन्तर्गत मूल गणनाको अन्तिम तयारीमा छ । तयारीको पहिलो चरणअन्तर्गत घर तथा घरपरिवार सूचीकरण भएको छ । अब बहुआयामिक मूल गणनाको प्रतीक्षा छ।

तथ्याङ्कले हरेक क्षेत्रमा सबैभन्दा ठूलो अर्थ राख्छ । तथ्याङ्कै आधारमा योजना निर्माण हुन्छन् । बजेट विनियोजन हुन्छ । तथ्याङ्कै आधारमा समाजको आगामी दिशा निर्धारण हुन्छ । देश र जनताको समृद्धिको खाका तथ्याङ्कै आधारमा तय हुन्छन् । अरू त अरू, तथ्याङ्कै आधारमा कुनै देशलाई कस्तो दृष्टिले हेर्ने, कस्तो बनाउने, कस्तो सहयोग वा असहयोग गर्ने भन्ने अन्तर्राष्ट्रिय मान्यता बन्दछ। खोजी पत्रकारितामा पनि तथ्याङ्कको निकै ठूलो अर्थ हुन्छ, जसबाट सत्य पत्ता लगाउन सकिन्छ।

सत्य पत्ता लाग्दा अनियमितताको अन्त्य गर्दै सुशासन कायम गर्न बल प्रदान हुन्छ। संसारमा ठूला ठूला अनियमितता र बेथितिहरू तथ्याङ्कका आधारमा पत्ता लाग्ने गरेका उदाहरणहरू छन्। यी सबै काम सही तथ्याङ्कबाट मात्र सम्भव छन्।तथ्याङ्क गलत भए र तिनको प्रयोग गरियो भने अनिष्टका तमाम शृङ्खलाहरू ओइरिन थाल्दछन् । विकासको साटो विनाश हात लाग्न सक्छ। प्रसङ्गतः अहिले देश १२ औं राष्ट्रिय जनगणनाअन्तर्गत मूल गणनाको अन्तिम तयारीमा छ । सही तथ्याङ्क संकलन र प्रशोधन गर्ने र त्यही तथ्याङ्कका आधारमा जनता, समाज र देशको अबको यात्रा तय गर्ने हाम्रासामु सबैभन्दा ठूलो दायित्व छ। उदाहरणका लागि एउटा गाउँमा कति जनसंख्या छ ? को को बसोवास गर्छन् ? नागरिकको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक अवस्था कस्तो छ ? यस्तै तमाम सही तथ्याङ्कका आधारमा त्यस गाउँका नागरिकको समस्या र आवश्यकता पहिचान हुन्छ । आगामी योजना, बजेटलगायतको तय गर्न सकिन्छ । तथ्याङ्क सही भएन भने उक्त गाउँमाथिको योजना असफल मात्रै होइन, दुष्परिणाममा समेत परिणत हुन्छन्।

## बहुआयामिक अवसर

देशका तमाम सही सूचना र तथ्याङ्कका लागि १२औं राष्ट्रिय जनगणना बहुआयामिक अवसर हो । तथ्याङ्क माथि लापरबाही गर्न कसैलाई छुट छैन । यो मामिलामा नीति निर्माणदेखि सामान्य गणकसम्म निकै संवेदनशील, जिम्मेवार, निस्वार्थ र सक्षम बन्न जरुरी छ । किनभने तथ्याङ्क माथिको सानो गल्तीले राष्ट्र र जनतामाथि ठूलो धोका हुनसक्छ । त्यसैले राष्ट्रिय जनगणनालाई सफल पार्न सरकार र समाजका सबै तह र तप्काको निकै ठूलो योगदान हुनुपर्ने हुन्छ । केही ठूला र अत्यासलाग्दा राष्ट्रिय, अन्तर्राष्ट्रिय घटनाक्रमका कारण विगतका केही राष्ट्रिय जनगणना प्रभावित भएको तर्क गर्नेहरू अहिले पनि छन्।

कतिपय गणक गाउँमै पुग्न नसकेको वा लक्षित भूगोलमा नपुगिकनै तथ्याङ्क तयार पारेका कारण सही तथ्याङ्क संक्लन हुन नसकेको आरोप लाग्दै आएको छ । यसपालि पनि सहज अवस्था भएन । विश्वभर अप्रत्याशित क्षति पुऱ्याएको कोभिड-१९ कारण राष्ट्रिय जनगणनाको पूर्वनिर्धारित तालिका प्रभावित हुन पुगेको हो । अहिले स्थिति सामान्य बन्दै छ । कतिपय चुनौती चिर्दै जनगणनाको मूल गणना सम्पन्न गर्ने दायित्व सबैसामु छ। यस पटक विगतमा जस्तै कतिपय कमजोरीको आरोप लाग्ने अवस्था आउन दिनु नै हुँदैन। जनगणनामा सरकार र समाजका सबै तहका नागरिकको सहभागिता र सक्रियता हुनुपर्छ। यसैले मात्रै जनगणनाको उद्देश्य पूरा हुनेछ। यस पटकको राष्ट्रिय जनगणनामा केही अतिरिक्त मौलिकपन छन् । नयाँ संविधान र संघीयता लागू भइसकेपछिको जनगणना ७ प्रदेश र ७५३ स्थानीय तहबाट हुँदैछ । जनगणना सफल हुँदा र सही तथ्याङ्कहरू संकलन हुँदा संविधान र संघीयताको सफल कार्यान्वयनमा बल पुग्नेछ । संविधानप्रदत्त मौलिक हक-अधिकार तथा सामाजिक सुरक्षाका प्रावधानहरूलाई थप प्रभावकारी बनाउन सघाउ पुग्नेछ । राज्यका तीनै तहमा नीति-नियम र योजना निर्माणका लागि दिशा निर्देश हुनेछ।

हरेक नागरिकले राज्यलाई योगदान दिने र राज्यबाट पाउने लाभ लिने अवसरको पनि यसले सुनिश्चित गर्नेछ । विवादरहित गणना र कार्यसम्पादनका लागि केन्द्रीय तथ्याङ्क विभागले प्रतिबद्धता जनाएको छ। त्यसका लागि प्रदेश, जिल्ला र स्थानीय स्तरमा आवश्यक संख्यामा जनगणना कार्यालयहरू स्थापना भएका छन् । ती सबै कार्यालय, कार्यालयका अधिकारीहरू, गणक-सुपरिवेक्षक सबैका लागि कुशल कार्यसम्पादनको क्षमता प्रदर्शन गर्ने अवसर छ । विश्वसनीय तथ्याङ्कका निम्ति गणक-सुपरिवेक्षकको महत्वपूर्ण भूमिका रहन्छ। विविध भाषाभाषी, संस्कार, संस्कृति र शैली भएका स्थानीयसँग घुलमिल हुने, सबै प्रकारका सहयोग लिने र सही सूचना लिनसक्ने सीप र जाँगर गणक-सुपरिवेक्षकहरूले प्रदर्शन गर्नसक्नु पर्दछ । सजिलै नखुल्ने कतिपय नागरिकले आफ्नो सही विवरण दिन हिच्किचाउन पनि सक्छन् । फरक भाषा र भूगोलको समस्याका कारण सही तथ्याङ्क लिन जटिल पनि हुनसक्छ । कुशल गणक-सुपरिवेक्षकहरूले यस्तो जटिलता पार गर्दै सही नजिता निकाल्न सक्दछन् । त्यो कुशलता यस जनगणनामा देखिनुपर्छ।

समावेशी अभ्यासमा अघि बढेको नेपालमा यसबारे स्पष्ट चित्र पनि जनगणनाले नै दिनेछ । जातजाति, भाषा, लिंग, धर्म, संस्कृतिबारे यथार्थ चित्र आएमा मात्र समावेशी चरित्रलाई अझ समुन्नत बनाउन सकिन्छ । हरेक घरमा सोधिने न्यूनतम ५४ वटा प्रश्नका सही उत्तर नआएमा अवस्था के हुनेछ भन्ने गम्भीर पक्ष अहिल्यै बुझ्नु जरुरी छ । कोही नछुटाउने र कोही नदोहोऱ्याउने सुनिश्चितताले कतिपय गम्भीर चुनौती पार गर्न सघाउने छ । अहिले देशमा सबैभन्दा बढी चासो र सरोकार राख्ने विषय के हो ? अथवा सबैले महत्व दिनुपर्ने मुद्दा के हो ? यसप्रति अधिकांशको मत मिलेको देखिँदै न । कतिपय राजनीतिकर्मी, जनगणना तथा जनसंख्याविद्हरू यस मुद्दामा चिन्तित देखिए पनि राष्ट्रिय राजनीतिमा यति गम्भीर मुद्दा ओझेलमै परेको देखिन्छ । अहिले देशमा केही तात्कालीन घटनाक्रमप्रति धेरैको ध्यान, चासो र चिन्ता बढी छ । दलहरू बीचको विवाद र तानातान, राष्ट्रिय राजनीतिमा देखापरेका उतारचढाव तथा सर्वोच्च अदालतभित्र चर्किएको द्वन्द्वलगायतका कारणले अति महत्वको राष्ट्रिय जनगणनाप्रति धेरैको चासो कम



दीपक ज्ञवाली

गएको अनुभूति गर्न सकिन्छ । बेमौसमी विपत्ति, बाढीपहिरो र त्यसबाट असामान्य क्षति भोगेकाहरूको कारुणिक ध्यान अन्तै छ। विपत्तिमा फसेकाहरूका लागि तत्काल आफ्नै समस्यामा ध्यान हुनु स्वाभाविक हो । कोरोना संक्रमणका कारण मानिस एक अर्कासँग भेट्न नखोज्नु अर्को समस्या छ । यी सबै कुराका बावजुद अहिले सबैले चासो र ध्यान दिनुपर्ने विषय त सत्यतथ्य जनगणना नै हो । जनगणनामा कोही नछुट्ने र कोही नदोहोरिने सवाल नै हो । सोधिएका प्रश्नको सही र सत्य जवाफको खोजी नै हो । त्यसैले 'मेरो जनगणना, मेरो सहभागिता' नारामा मात्र होइन, वास्तविक नागरिकले अनुभूति गर्न सकुन्।

सरकार, गणक र सही सूचना दिने नागरिक कोही कसैबाट गल्ती र कमजोरी नहोस् । किनकि तथ्याङ्क यस्तो आधार हो, जसको आधारमा समाजको दिशा निर्धारण हुन्छ । देश र जनताको समृद्धिका खाका बन्छन् । अन्तर्राष्ट्रिय रूपमा देशप्रतिको धारणा बन्छ । जनगणनामा सबैको ध्यान जान र प्राथमिकतामा राख्न आवश्यक छ।

# उन्नत गहुँ उत्पादन प्रविधि

**गहुँ खेती प्रविधि**

गहुँ खेती गर्न कम खनजोत वा सतहि छराई गर्ने तरीकाबाट गर्न सकिन्छ । रोटोभेटर वा पावर ट्रेक्टरबाट जोताई गरी सोझै गहुँ छर्न सकिन्छ । जमिनमा प्रयाप्त मात्रामा चिस्यान संरक्षण गर्ने गरी जमिनको तयारी गर्नुपर्छ । खेत तयार भएपछि आवश्यक मलखादको आधा भाग नाइट्रोजन, पुरा भाग फसफोरस र पुरा भाग पोटास हाल्ने र राम्रोसँग खेतमा मिसाएर मात्र बिउ छर्ने काम गर्नुपर्दछ । बाँकी नाइट्रोजनको मात्रा यूरीयाको माध्यमबाट पहिलो र दोस्रो सिंचाईपछि टप ड्रेस गर्नु पर्दछ।

**सिंचाई** : जमिन सुख्खा छ भने बाली लगाउनुभन्दा अगाडी नै सिंचाई गर्नुपर्छ । गहुँ बालीमा पानी जम्मा हुन दिनु हुँदैन तसर्थ खेत राम्ररी सम्याएको हुनुपर्छ । दुई चोटी सिंचाई गर्नु जरुरी छ।

**गोडमेल** : समय-समयमा गोडमेल गरी झारपात निकाल्नुपर्छ । गहुँको थारोपना (स्टरलिटी) हटाउन सुक्ष्म तत्व बोरेक्स २ के.जी. प्रति हेक्टर छर्दा प्रभावकारी हुन्छ । पहेलो सिन्दूरे रोग सहन सक्ने जात डब्लु.के. १२०४ लगाउँदा राम्रो हुन्छ। श्रोत संरक्षण विधि सम्बन्धि प्रविधिको विकास भईसकेकोले धान काट्नु अघि सतहमा बीउ छर्ने। धान काटेपछि जमिन जोतखनन् नगरी माटोमा चिस्यान नसुकदै सीड ड्रिल मेसिन वा पावर टिलर वा रोटोभेटरद्वारा सामान्य खनजोत गरी मल बिउ छर्ने । श्रोत संरक्षण विधिबाट खेती गर्न गौतम, भृकुटी, आदित्य र एन.एल ९७१ जात ठीक समयमा छर्नका लागि उपयुक्त भएको र ढिलो छर्नका लागि विजय र भृकुटी जात उपयुक्त हुन्छ। गहुँ राम्रोसँग पाकेर पुरै दाना सुकेपछि काट्नुपर्छ। भण्डारण गर्दा राम्रोसँग घाममा सुकाएर मात्र गर्नुपर्छ। भण्डारण गर्दा हावा नछिर्ने पोली ब्यागको प्रयोग गर्नु उत्तम हुन्छ। भण्डारण गर्दा किरा नलाग्न दिन नीमको धुलो, तितेपातीको धुलो प्रयोग गर्न सकिन्छ।

**बीउको छनौट** : उन्नत जातको बीउ छनौट गर्ने।

बीउको उपचार : भाइटाभेक्स २०० बिषादी ३ ग्राम प्रति के.जी.गहुँ बीउमा राम्ररी मिसाई उपचार गर्ने।

**मूख्य जातको छनौट (जातीय छनौट)**

उच्च पहाड तथा मध्य पहाडको लागि : अन्नपूर्ण -१, अन्नपूर्ण -३, अन्नपूर्ण -४, गौरा, धवलागिरी, डब्लु.के. - १२०४, पासाङ ल्हामु।

तराईका लागि : भृकुटी, गौतम, आदित्य, एन.एल. ९७१, बि.एल. - १४७३, विजय

**जग्गाको तयारी** : प्रयाप्त चिस्यान संरक्षण गरी जमीनलाई गहिरोसँग जोत्ने र



कम्पोष्ट १०-१५ मे.टन प्रति हेक्टर माटोमा मिलाउने।

**मलखाद** : १०-१५ मे.टन प्राङ्गारीक वा गोठेमल सहित १००:५०:२५ के.जी. प्रति हेक्टरका दरले नाइट्रो जन, फोसफोरस र पोटास अर्थात (डि.ए.पि. ३.५ के.जी., युरिया २.२ के.जी., म्युरेट अफ पोटास १.५ के.जी. प्रति कट्ठा) जग्गा तयारीको बेला प्रयोग गर्ने।

**बीउ छर्ने तरीका** :

१२० के. जी. प्रति हेक्टर बीउ छर्ने र माटोले सम्याउने। ४ किलोग्राम बीउ प्रति कठ्ठाका दरले छर्ने। ढिला छर्दा ४.५ के.जी. प्रति कठ्ठा बीउ छर्ने।

**सिंचाई व्यवस्थापन** :

१. सुख्खा भएमा बाली लगाउनु अगाडी सिंचाई गर्ने।
२. पहिलो सिंचाई बीउ उम्रेको २१ दिनपछि
३. दोस्रो सिंचाई बाला पसाउने बेलामा।

**गह्रा छर्ने तरीका** :

१. बीउलाई सोझै माटोमा छर्ने (छरुवा प्रविधि)
२. ३-४ सेन्टीमिटर गहिरो गरी बीउ लाईनमा राख्ने र एकहारको दूरी २० सेन्टीमिटर राख्ने।

**झारपात नियन्त्रण** : गोडमेल गरी झार निकाल्ने र बिषादीको प्रयोग नगर्ने।

मलखादको मात्रा : ५० के. जी. नाइट्रोजन टप ड्रेसिमा प्रयोग गर्ने।

टप ड्रेसिङ : टप ड्रेसिङ्ग गर्ने पहिलो सिँचाईपछि।

पानीको व्यवस्थापन : जमिनमा प्रयाप्त मात्रामा चिस्यान संरक्षण हुनुपर्छ।

पानीको निकास : उपयुक्त नाला र कुला बनाई पानीको निकास गर्ने।

कटनासक विषादीको प्रयोग : किराहरु देखिए मात्र प्रयोग गर्ने।

रगीङ्ग गर्ने तरिका : बेजात, झारपात, अस्वस्थ बोट तथा अन्य बालीको बोट बिरुवा फिक्ने।

बीउको लागि छनौट तरीका : पाकुभन्दा अली अगाडीनै रगीङ्ग गर्ने र स्वास्थ बीउ छान्ने।

अन्य ब्यबस्थापन : बाली चक्र र मिश्रण खेती प्रविधिको प्रयोग।

गहुँ काट्ने : अवस्था बाली पहेलिन थालेर दाना सुख्खा भएपछि काट्ने

चिस्यान अवस्था : काट्दा १८-२०% चिस्यान दानामा हुन्छ। राम्ररी सुकाएर १०-१२% चिस्यान भएपछि मात्र भण्डारण गर्ने।

**स्रोत: कृषिव्यवस्थापन सूचना प्रणाली**

प्यू.जि.प्र.का.द.नं. : ११/०७०/०७१
जि.हु.का.द.नं. : ९/०७२/०७३
झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# चिसो मौसममा देखिने रोग र यसबाट बच्ने उपाय

## बदलिादै मौसम: चिसोको आगमनसागै स्वास्थ प्रभाव

मौसम परिवर्तनसँगै अहिले केही चिसोपनाको अनुभव हुँदै आएको छ। बिहानी हुस्सु र दिउँसोको घामले मौसम अब परिवर्तन हुँदै जान थालेको भान हुँदैछ। तर वातावरणसँगै हाम्रो शरीरमा के कस्ता प्रभाव पर्छन् अनि त्यस कारण स्वास्थमा के कस्ता असर पर्न सक्छन् त भन्ने कुरामा हामी सजक हुन पर्दछ।

गर्मी मौसममा देखिने रोगहरु र जाडो मौसममा देखिने रोग केही फरक हुने गर्दछ। गर्मी मौसममा विशेषत ज्वरो (भाइरल ज्वरो, टाइफाइड, डेंगु आदि ), छालाको रोगहरु, आँखाका संक्रमण, मौसमी फ्लूका बिरामी बढी मात्रामा देखिने गर्दथ्यो। अब चिसो मौसम बढ्दै जाँदा चिसो मौसममा देखिने र पहिले भएका दीर्घकालिन बिरामीमा संक्रमणको जोखिम बढ्दै जाने गर्दछ। यो लेखमा चिसो मौसममा देखिने रोग र यसबाट कसरी बच्न सकिन्छ भन्ने बारे केही जानकारी दिने प्रयास गरिएको छ।

१. सामान्य मौसमी रुघाखोकी

चिसोसँगै रुघा लाग्ने, खोकी लाग्ने बिरामीको संख्या बढ्दै गएको छ। यो मौसमी फ्लू भएका हुनाले केहिदिनको अन्तरालमा आफैं निको हुने र गाह्रो भएको खण्डमा केही एलर्जी हटाउने औषधि र ज्वरो देखा परेमा प्यारासिटामोल मात्रै लिन सकिन्छ। यस्तो अबस्थामा चिकित्सकको सल्लाह बिना र अन्य संक्रमण नभएको अवस्थामा एन्टिबायोटिक्स औषधिको प्रयोग आवश्यक पर्दैन।


२. दम ( सि.ओ.पि.डि. र अस्थमा)

माथि प्रयोग भएका शब्दावली सि.ओ.पि.डि. भन्नाले चुरोट वा धुँवाको कारणले दीर्घकालीन रुपमा फोक्सो बिग्रेको अबस्थामा लाग्ने दम भन्ने बुझाउँछ र अस्थमा भन्नाले कुनै पनि एलर्जीले हुने दम भन्ने बुझाउँछ। यस्ता रोग लागेका बिरामी वर्गले चिसो मौसममा विशेष ध्यान पुऱ्याउन नसकेको खण्डमा छातीको संक्रमणको जोखिम बढ्ने गर्दछ। निमोनिया, ब्रोन्काइटिस जस्ता रोग लागि अस्पतालमा भर्ना हुनु पर्ने अवस्था आउन सक्दछ भने कहिले काँही छातीको गम्भीर संक्रमणले ज्यान पनि जान सक्दछ। दम भएका बिरामीले आफूलाई न्यानो राख्ने, तातो पानीको सेवन गर्ने, आफूले दमका लागि प्रयोग गर्दै आएका औषधिको नियमित सेवन, चिकित्सकसँग निरन्तर सम्पर्कमा बस्नुपर्दछ।

३. घाँटी तथा माथिल्लो श्वासनलीका संक्रमण चिसो समयमा घाँटी तथा माथिल्लो श्वासनलीका संक्रमणहरु सामान्यतया धेरै नै देखिन्छ। टन्सिल संक्रमण हुनेदेखि श्वासनलीमा संक्रमण हुने हुँदा बिरामीलाई घाँटीमा दुखाइ हुने, निल्न गार्हो पर्ने, खोकी लाग्ने, रुघा लाग्नेदेखी कहिलेकाहीँ ठूलै संक्रमणसम्म देखा पर्ने हुन सक्दछ। त्यस्तो समस्या आएमा चिकित्सकको सल्लाहमा सामान्यदेखि कहिलेकाहीँ एन्टिबायोटिकको सेवन पनि आवश्यकता पर्दछ।

४. फ्रोस्ट बाइट : फ्रोस्ट बाइट अर्थात शीतदंश/ तुषारागात अत्यधिक चिसोको सम्पर्कमा हाम्रो शरीर आउँदा शरीरमा भएको तातोपना कम हुँदै जाने र अनन्त चिसोबाट शरीरका भागहरु जम्ने समस्या तुषारागात हो। यो विशेषगरी औंलाहरुमा, नाकमा, कानमा देखिने गर्दछ। यसबाट बच्न चिसो मौसममा हात गोडामा मोजा पन्जा लगाउने, न्यानो टोपी कपडा लगाउने र अत्यन्त जरुरी नपर्दासम्म घर बाहिर ननिस्कने गर्नु पर्दछ।

५. जोर्नी दुख्ने समस्या : जोर्नीमा हुने समस्या जस्तै बाथका रोगीहरुले विशेषत जाडो मौसममा झनै बढी ध्यान दिन आवश्यक हुन्छ। बाथ रोग लागी औषधिको सेवन गरि रहेका बिरामीमा चिसोको कारण दुखाइ बढ्ने जोर्नी सुन्निने समस्या बढेर जान सक्छ। त्यसकारण त्यस्तो बिरामी वर्गले आफूलाई चिसोबाट बचाउन विशेष ध्यान दिनु पर्दछ। -(डा भुषाल चितवन मुटु अस्पतालमा कार्यरत छन्।)



डा. सन्तोष शर्मा भुषाल

# स्ट्रोक के हो, किन हुन्छ र यसबाट कसरी बच्ने?



सानेपा घर भएकी ६० वर्षीय कान्छी थापाको अचानक शरीरको दायाँ भाग चल्न छोड्यो। बोली पनि स्पष्ट नबुझिने भयो। परिवारका सबै सदस्य आत्तिएर उनलाई अस्पताल पुऱ्याए। अस्पतालमा जाँच गर्दा थाहा भयो, स्ट्रोक भएको रहेछ।

छिटो अस्पताल पुऱ्याएकाले नआत्तिन डाक्टरले आग्रह गरे। डाक्टरले भनेअनुसार औषधि दिएको दुई घन्टापछि उनी पहिलाको जस्तै बोल्न थालिन्।

उनी जस्तै स्ट्रोक भएर ४ घन्टाभित्र अस्पताल आउने बिरामीलाई थ्रोम्बोलोसिस दिएपछि स्वास्थ्यमा छिटो सुधार हुने बताउँछन् वरिष्ठ न्युरोलोजिस्ट बाबुराम पोखरेल। उनका अनुसार यदि ढिला गरेर अस्पतालमा पुऱ्याएमा स्ट्रोकका बिरामीले विभिन्न स्वास्थ्य समस्या भोग्नु पर्छ।

स्ट्रोक भनेको के हो?

वरिष्ठ न्युरोलोजिस्ट बाबुराम पोखरेलका अनुसार स्ट्रोकलाई सरल भाषामा भन्नुपर्दा फास्ट भन्ने गरिन्छ। यसको मतलब यदि अचानक अनुहार बाँगियो, हात सिधा भएन, बोलि लरखरायो भने स्ट्रोक भयो भनेर बुझ्नु पर्छ। दिमागमा रगत सञ्चालनमा कमी आउनु वा नशा फुट्नु दुवै कन्डिसनमा स्ट्रोक भएको मान्न सकिन्छ। यदि दिमागको नशामा रगत सञ्चालनमा कमी आयो भने दिमागको जुन भागमा रगत सञ्चालन कमी भएको हो त्यो भागले अक्सिजन पाउँदैन र अक्सिजन नपुगेपछि त्यो कोषले काम गर्न सक्दैन, त्यसपछि स्ट्रोक हुन्छ।

खासमा स्ट्रोक ४५ वर्षभन्दा माथि उमेरका व्यक्तिहरुलाई हुने गर्दछ तर नेपालमा ४५ वर्षभन्दा कम उमेका मानिसहरुलाई स्ट्रोक हुने गर्दछ। यसको मुख्य कारण उच्च रक्तचाप, मधुमेह र धुमपान सेवन देखिएको छ। स्ट्रोक दुई प्रकारका हुन्छन्- एउटा शरीरमा रगत सञ्चालन नपुगेर हुने गर्दछ भने अर्को नशा फुटेर हुने गर्दछ। यसलाई हामीले ब्रेन हेमरेज स्ट्रोक पनि भन्ने गर्दछौं। यो उच्च रक्तचापले हुने गर्दछ।

स्ट्रोक हुनुको प्रमुख कारण

स्ट्रोक हुनुको बढ्दो उमेर यसको एउटा प्रमुख कारण हो। महिलालाई भन्दा पुरुषमा स्ट्रोक हुने सम्भावना बढी हुन्छ। धूमपान गर्ने व्यक्तिलाई स्ट्रोक हुने सम्भावना बढी हुन्छ। उच्च रक्तचाप र मधुमेह स्ट्रोक हुनुको प्रमुख कारण मान्न सकिन्छ। जसको मुटुको चाल गडबड छ, त्यसलाई पनि स्ट्रोक हुने सम्भावना बढी हुन्छ।

स्ट्रोकका लक्षण

यदि अचानक अनुहार बांगो भयो, आखाँ देखिएन, बोली लरखरायो, हात सिधा भए भने स्ट्रोक भयो भनेर अस्पतालमा जँचाउन जानु पर्छ।

स्ट्रोक भएको थाहा पाएपछि के गर्ने?

स्ट्रोक भइसकेपछि जतिसक्दो चाँडो अस्पताल जानु पर्दछ। स्ट्रोक भएको ४ घन्टाभित्र अस्पताल लगियो भने बिरामीलाई छिटो निको बनाउन सकिन्छ। ४ घन्टाभित्र आएका ९० प्रतिशत बिरामीले उपचारपछि आफ्नो काम आफैं गर्न सक्ने हुन्छन्।थ्रोम्बो लाइसिस भन्ने औषधि समयमै दिइएको खण्डमा बिरामीले आफ्नो काम आफैं गर्न सक्ने हुन्छन्।

नेपालमा स्ट्रोक अवस्था कस्तो छ?

नेपाल स्ट्रोका कति बिरामी छन् भन्ने तथ्यांक छैन। तर न्युरोलोजीमा स्ट्रोक भएर अस्पतालमा आउने बिरामी दोस्रो नम्बरमा पर्छन्। समयमा अस्पताल नआएर हेलचेक्र्याईँ गरेर घरमा बस्दा जीवनभरि नै दुःख पाएका घटना पनि छन्।

नेपालमा स्ट्रोक धेरै मानिसलाई हुने गर्दछ तर मानिसलाई स्ट्रोकबारे चेतना नहुँदा ढिला अस्पतालमा पुग्दछन्। महिनौं फिजियोथेरापी गर्ने गर्नु पर्दछ।

त्यतिमात्र होइन, लामो समय अस्पतालमा भर्ना भएर बस्दा स्वास्थ्यमा विभिन्न समस्या उत्पन्न हुन्छन्। जस्तै : इन्फेक्सन,प्रेसर अल्सर, निमोनिया हुने सम्भावना धेरै हुन्छ।

स्ट्रोकबाट बच्न के गर्नुपर्छ?

स्ट्रोकबाट बच्नको निमित्त जीवनशैली परिवर्तन गर्नुपर्दछ। धूमपान गर्नु हुँदैन। नियमित शारीरिक कसरत गर्ने बानी बसाल्नु पर्दछ र उच्च रक्तचाप र मधुमेहलाई नियन्त्रण गर्नु पर्दछ।

# बाख्रा पालन व्यावसाय कसरी गर्ने ?

बाख्रा एक प्रकारको स्तनधारी वर्गमा पर्ने घरपालुवा जनावर हो। बाख्रा बोभिड परिवार अन्तर्गत पर्छन र यिनीहरू भेडाहरू सँग मिल्दाजुल्दा हुन्छन, यि दुबै क्याप्रिनेइ सह-परिवार अन्तर्गत पर्दछन। बाख्रा पाल्नु जनावरहरू मध्ये धेरै उपयोगी मानिन्छ। बाख्रालाई मासु, दुध, ऊन र मलको लागी धेरै जसो किसानहरूले बाख्रा पालन गरेको पाइन्छ । बाखाहरू विभिन्न प्रजातीको हुन्छन् । खरी, औले, तराई र सिन्हाल नेपालका रैथाने बाख्रा हुन्।नेपाल वाहिर का आयातित जात हरु मा जमुनापारि, बारबारी, सानन्, विटल, सिरोही र बोचर प्रमुख छन बिसेस गरि मासु तथा सुन्दर को लागि पालिन्छ ।

**कति बाख्रा चाहिन्छ चिज उत्पादन गर्न ?**

साना जातका बाखाले अन्य जातमा बाखाले भन्दा बढी दूध दिन्छ । सानान बाख्रा साथै अन्य बाख्राको दूध आफ्नै फर्म वा गाउंका अन्य मानिसको बाखाबाट संकलन गरेर चिज उत्पादन गर्न सकिन्छ । दैनिक ५० लि. भन्दा बढी दूध संकलन गर्न सके चिज उत्पादनमा सजिलो हुन्छ।

**चित्लाङको त्यस्तो व्यवसायीको नाम के हो ?**

चित्लाङ्ग गा.वि.स.का श्री अशोक सिं ठकुरीले विदेशबाट यो सिप सिकेर नेपालमा बाख्राको चिज व्यवसायिक रुपमा उत्पादन गर्दै आएका छन्।बाख्राको चिज महंगोमा बिक्छ र प्रति के.जी. रु.२,०००- ३,००० मा बिक्री गरिदै आएको छ ।

बाख्राको दूधबाट चिज बनाउन सकिन्छ भन्छन् के नेपालमा यस्तो प्रचलन छ ?

बाख्राको दूधबाट बनेको चिज धेरै गुणस्तरीय मानिन्छ । चित्लाङ्ग बाख्रा फार्म र स्थानीय एक व्यवसायीले बाख्राको चिज उत्पादन गर्दै आएका छन्।

कस्ता/कस्ता विवरणको अभिलेख राख्नु आवश्यक हुन्छ ?

बाख्राको प्रजनन, बाख्राको आहार, बाख्राको स्वास्थ्य सम्बन्धि उपचार एवं खोपको तालिका आय-व्यय खर्चको अभिलेख अनिवार्य राख्नु पर्छ ।

बाख्रापालन व्यवस्थामा अभिलेख राख्नु के आवश्यक हुन्छ ?

व्यवसायमा लागेको लगानी र त्यसबाट निस्केको आम्दानीको हर हिसाबको अभिलेख राख्नु सफल व्यवसायीको प्रमुख जिम्मेवारी हो ।

अचानक बाख्राको पेट फुल्ने र छटपटाउने गरेमा कस्तो उपचार गर्नु पर्छ ?

क. सबै भन्दा नजिकको प्राविधिकसंग सहयोग लिने,

ख. २०-३० ग्राम टिम्पोल खान दिने,

ग. आलसको तेल ५० मि.लि.र तार पिनको तेल १५ मि.लि. मिसाएर पिलाउने,

घ. एभिल सुई २.५ मि.लि.सुई लगाउने ।

बाख्राले कुनै विषादी खाएर विरामी भएमा कसरी तुरुन्त उपचार गर्ने ?

प्राविधिकसँग सकेसम्म छिटो सल्लाह लिएर उपचार गराउने । म्याग्नेसियम सल्फेट १०-३० ग्राम अवस्था अनुसार पानीमा घोलेर पिलाउने ।

आन्तरिक परजीवीलाई रोकथाम गर्न कस्तो उपाय अपनाउनु पर्छ ?

वर्षमा दुई पल्ट आन्तरिक परजीवीको उपचारका लागि दिइने (एन्टलमेन्थिक) औषधी बथानमा रहेका सबै माउ बाख्रा, पाठाहरुलाई नियमित रुपले दिनु पर्छ ।

साधारणतया बाख्रामा लाग्ने आन्तरिक परजीवीहरु (Internal Parasite) के के हुन ?

७५ प्रतिशत सरकारबाट सिधै कृषकले अनुदान पाउँदछन्।

बाख्रा, बोका तथा बाख्रा खोर/गोठको वीमा हुन्छ ?

बोका बाख्रा तथा गोठको पनि निर्जिवन वीमा कम्पनीहरुले वीमा गर्दछ, एनएलजी, शिखर, प्राइम, सगरमाथा जस्ता १७ निर्जिवन कम्पनीबाट यो सुविधा लिन पाइन्छ ।

बाख्रा पालनमा अभिलेख को कस्तो महत्व छ ?

बाख्रा पालनमा रेकर्डको ठुलो महत्व हुन्छ । पाठा / पाठी उत्पादन, खसी

बाख्राको लागि घाँस खेति पनि गर्नु पर्छ ?

व्यावसायिक रुपमा बाख्रा पालन गर्दा घाँस खेति आवश्यक हुन्छ । स्टाइलो, वसिम, भटमासे, जौ, वोडी घाँस लगाउनु पर्छ । डाले घांसको पनि व्यवस्था गर्नु पर्छ ।

व्यवसायिक बाख्रा पालनको लागि राम्रो जातको माउ बाख्रा/बोका कहाँ पाइन्छ ?

स्थानीय स्तरमा पाइने माउ बाख्रा छनौट गर्नु सवभन्दा राम्रो हो।जमुनापार ी/वारवेरी र क्रस बाख्रा सरकारी बाख्रा




**प्रमुख परजीवीहरु हुन:**

-नाम्ले जुका,
-फित्ते जुका,
-गोलो जुका,
-फोक्सोमा पाईने जुका
-कक्सिडियोसिस (रातो छेर्ने रोग)

सामान्यतया बाख्रामा लाग्ने बाह्य पर जीवीहरु के के हुन ?

बाख्रामा जुम्रा, उपिया, किर्नी, लुतो जस्ता बाह्य परजीवीले दुःख दिन्छ । कमजोर बाख्रा -पाठा र फोहोर गोठहरुमा यस्ले बढी प्रभाव पार्छ ।

बाख्रामा लाग्ने प्रमुख सरुवा रोगहरु के हुन ?

बाख्रामा लाग्ने मुख्य सरुवा रोगमा पि.पि.आर. हो । तर खोरेत, लुतो, माउलो आदिले पनि दुःख दिन्छ ।

सरकारी सहयोग पाउन बाख्रा पालन व्यावसाय दर्ता गर्नु पर्छ ?

पर्छ । जिल्ला पशु सेवा कार्यालय, सहकारी कार्यालय वा मान्यताप्राप्त अन्य निकायबाट व्यावसायिक बाख्रापालन दर्ता गरेको हुनु पर्छ ।

व्यावसायिक बाख्रा पालन गर्दा सरकार बाट कुनै सहुलियत पाइन्छ ?

व्यावसायिक रुपमा बाख्रा पालन गर्ने कृषक, युवा, समूह, सहकारीका बाख्रापालकलाई गोठ सुधार, बाख्रा खरिद तालीम आदि कार्यमा सहयोग गर्दछ । सम्बन्धित जिल्ला पशु सेवा कार्यालयबाट प्राप्त हुने सहयोग वारे जानकारी लिनु पर्दछ ।

वीमाको प्रिमियममा सरकारी सहुलियत के छ ? कृषि विमा गर्दा (बाख्रा, गाई) वीमा कम्पनीलाई तिर्नु पर्ने प्रिमियममा

बोका, दाना औषधि सबैको अभिलेख राख्नु पर्छ ।

बाख्रामा लाग्ने ६ मासे रोग के हो ?

बाख्राको पेटमा हुने जीवाणु (Bacteria) को विष (Toxin) बाट खासगरी १ वर्ष मुनिका पाठा / पाठीमा लाग्ने रोग हो । नियमित खोप लगाएर यो रोगबाट पाठा / पाठीलाई बनाउनु पर्छ।

बाख्राको खुर कुहिने रोग Footrot भनेको के हो ?

भेडा बाख्रामा जीवाणु (Bacteria) बाट लाग्ने खुर कुहिने रोग नेपालबाट उन्मुलन भइ सकेको छ।

बाख्रालाई बहुलाएको कुकुरले टोक्यो के सुई लगाउनु पर्छ ?

शंकास्पद कुकुरले टोकेमा Antirabies खोप प्राविधिकको सल्लाहमा ३-५ पल्ट लगाउनु पर्छ ।

के बाख्रामा कृत्रिम गर्भाधान हुन्छ ?

अनुसन्धान कार्यक्रम तथा केही प्रोजेक्टहरुले बाख्रामा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउदै आएको छ तर गाई/भैंसीमा जस्तो व्यापक र सफल छैन ।

बाख्राको प्रजनन् सिजन के हो ?

बाख्राको खासै प्रजनन् सिजन हुदैन । पोषण तत्वहरुले भने प्रजननमा असर पार्दछ । राम्रोसंग हरियो घाँस र दाना पाउने बाख्रा २ वर्षमा ३ पल्ट ब्याउने हुन्छ ।

बाख्राको लागि (दाना) आहारको कस्तो वन्दोवस्त हुनु पर्छ ?

ब्याउने माउ र ब्याई सकेको माउलाई २००-५०० ग्राम सन्तुलित दाना दिनु पर्छ ।

फार्मबाट पनि पाउन सकिन्छ ।निजी बाख्रा विकास फार्महरु पनि राम्रो श्रोतकेन्द्र हुन सक्छ ।

बोकालाई खसी बनाउन कुन उमेर राम्रो हुन्छ ?

३ महिना वा सो भन्दा माथिको बोकालाई खसी बनाउनु ठीक हुन्छ ।

के बाख्रा दूध उत्पादनको हिसावले पनि महत्वपूर्ण हुन्छ ?

बाख्राको दूध गाईको जस्तै स्वस्थ्य र राम्रो हुन्छ, दूधको लागि पनि बाख्रा पालिन्छ । बाख्राको चिज उच्च मूल्यमा बिक्री हुन्छ ।

कस्तो बोका ब्याडको लागी छान्नु पर्छ ?

स्वस्थ्य, सल्लक परेको, राम्रो संग छिटो छिटो वढने, दुई दुई पाठापाठी दिने माउको पाठो ब्याडको लागि छनौट गर्नु राम्रो हुनेछ । हलक्क बढ्ने बोकालाई खरी बनाउने होइन, ब्याडको लागि राख्नु पर्छ ।

बाख्राले मन पराउने डाले घाँसहरु के के हुन् ?

इपिल इपिल, कुटमेरो, दवदवे, खनिउ, टांकी, किम्बु आदि हुन् । स्थानीय ठाउंमा पाईने राम्रा डालेघांस छनोट गर्नु पर्छ ।

चरन डाले घाँसको व्यवस्था कस्तो चाहिन्छ ?

चरन, नजिक र पोषिलो घाँस भएको क्षेत्र राम्रो हुन्छ । चरण क्षेत्रबाट विषादी घाँसको प्रजाति हटाउनु पर्छ । डाले घाँसको राम्रो व्यवस्था मिलाउनु पर्छ ।

बाख्राको खोर कस्तो हुनु पर्छ ?

जमिन भन्दा ३-५ फिट माथि उठाई बाख्रा बस्ने मिल्ने खोर बनाउनु पर्छ । स्थानीय काठ,वांस वा अन्य निर्माण सामाग्री प्रयोग गरी गोठ बनाउन सकिन्छ ।

कुन जातको बाख्रा पाल्नु राम्रो हुन्छ ?

स्थानीय खरी बाख्रा - जुम्ल्याहा पाठा / पाठी दिने माउ राम्रो हुन्छ । वोएर / जमुनापारी, वारवेरी जातको क्रस बाख्रा पनि राम्रो छ । स्थान अनुसार बाख्रा छनोट प्राविधिकको सल्लाहमा गर्नु पर्छ।

कति बाख्रा पालेर व्यावसायिक बाख्रा पालन शुरु गर्नु राम्रो हुन्छ ?

कम्तीमा २० माउ बाख्रा र १ बोकाबाट व्यावसायिक फार्म शुरु गर्न सकिन्छ तर चरन/ घाँसको उपलब्धतामा ध्यान दिनु पर्दछ ।

कस्तो उमेरको बाख्रा किनेर गोठ शुरु गर्नु राम्रो हुन्छ ?

६ महिनादेखी १ वर्ष उमेर भएको स्वस्थ्य पाठी वा पहिलो वेत माउ बाख्रा छान्नु राम्रो हुन्छ ।

कति संख्याको माउ बाख्रा भएको बथानमा बोकाको कति हुनु पर्छ ?

बीस माउ बाख्राको बथानमा एक राम्रो गुणस्तरको बोका आवश्यक हुन्छ ।

बाख्रा फार्म शुरु गर्न के के कुरामा ध्यान दिनु पर्छ ?

स्थानीय क्षेत्रमा चरन, वनको घांसको उपलब्धता । बाख्राको श्रोत एवं वजारको अवस्थामा ध्यान दिनु पर्छ।

आन्तरिक परजीवी (गोलो जुका,फित्ते जुका, नाम्ले) गोठमा फैलिए उपचार कसरी गर्ने ?

डिस्टोडिन १-२ चक्की वा मवेण्डाजोल वोलस आधा चम्ची वा पानकुर २५-७५ मि ग्रा. शारीरिक तौल अनुसार खुवाउने । प्राविधिकको सल्लाहमा औषधी दिने ।

बाख्रामा लाग्ने किर्ना ,जुम्रा, लुतो जस्ता वाह्य परजीवीहरु नियन्त्रण कसरी गर्ने ?

गोठ/गोठका धेरै बाख्राहरुलाई एकै पटक उपचार गर्न ०.५ प्रतिशत मालाथियन वा साएथियन झोल दवाई बनाएर सबै बाख्रालाई पालैपालो डिपिङ टेङ्कमा डुबाउने।एक दुई बाख्रामा हो भने सफा गरेर टेटमासोल सावुनले धुने र गोल्डेन सोलुसन लगाउने ।

पी.पी.आर. को खोप कहाँबाट पाउन सकिन्छ ?

जिल्ला पशु सेवा कार्यालय वा पशु सेवा केन्द्रबाट पी.पी.आर.खोप निःशुल्क उपलब्ध हुन्छ।

बाख्राहरु अचानक धेरै मर्ने ,उच्च ज्वरो आउने, छेर्ने, मुख र जिब्रोमा घांउ देखिने खोक्ने लक्षण देखिए कस्तो रोग हो त्यो ?

क. पी.पी.आर. रोगको लक्षण हो,

ख. तीन महिना पुगेको पाठा/पाठी र माउहरुमा पि.पि.आर. खोप लगाउनु पर्छ ।

ग. एण्टिवायोटिक सुई/ट्यावबाट उपचार गराउनु पर्छ ।

बाख्राको मुख वरिपरी घांउ देखिने पिप्रा बगेर कान ,जिब्रो तर्फ पनि बढेकोमा के गर्नु पर्ला ?

बाकी ७ पेजमा..

## अचेल लाग्छ मलाई कविता



अचेल लाग्छ मलाई ।
अचेल,
आँसु र वियोगका कविता ,
उस्ता उस्तै लाग्छ मलाई ।
आँसुमा पिडा देख्छु म,
कवितामा वेदना भेट्छु म ।

मलाई लाग्छ,
कविका आँखाबाट आँसु बग्दैन,
कवि मनबाट,
आँसुरुपि कविता बगाउँछ ।

अचेल,
रुखका पात जस्तै लाग्छन् ।
मेरा सपनाहरु,
पलाउँछन।
पहेलिएर झर्छन,
सुक्छन, ढडेलो लाग्छन ।
फेरी पलाउँछन ।

अचेल,
हिमालको ललाटबाट बग्ने नदि,
अनेकसंग मिल्दा मिल्दै,
उस्को स्वाद फेरिए झैं ।
उसको स्वरुप फेरिए झैं,
लाग्छ, मेरो पनि स्वरुप फेरिएको छ ।

म पनि नुनिलो भएको छु ।
त्यो सागरको पानी झैं,

**किरण पोखेल(एक वसन्त)**
**सरुमारानी- २, दर्भान**

एकदिन चर्को घाम लाग्नेछ ।
फेरी बाफ बनेर उड्नेछु सगरमा,
फेरी बरफ बनेर झर्ने छु हिमालमा,
लाग्छ, त्यहि प्रक्रियामा चलिरहने छु ।

अचेल
मलाई त्यो रुखको पात जस्तै,
त्यो हिमालको पानी जस्तै,
यो जुनी पछि फेरी मान्छे बनेर
जन्मिन मन लागेको छ

यो सुन्दर पृथ्वीमा,
रमाउन एक जुनी काफी छैन होला
सायद ?

## गजल



**श्यामकुमार क्षेत्री मुस्कान**
नौबहिनी गा.पा.-८ प्युठान
हाल कार्यरत भारत

आँखाबाट आँसु बग्ने भुल भयो जिन्दगी,
खै कहाँ नीर आउँदा भुल भयो जिन्दगी ।

मस्त जवानी सुरु हुँदाहुँदै ठग्यो भाग्यले,
कर्मले नि किस्तामा असुल भयो जिन्दगी ।

आखिर के रहेछ र यो जिन्दगीको सम्बन्ध,
ओइलि झर्ने सयपत्री फूल भयो जिन्दगी।

सधैं पराई सँग रमायौ मिठो निद्रामा तिमी,
यता लाम्खुट्टेबाट बच्ने झुल भयो जिन्दगी।

अतीतहरु सम्झिदा बर्षात हुन्छ आँखामा,
सम्झनामै समर्पित कबुल भयो जिन्दगी।

## गजल

**विश्व दनुवार (बासु)**
**कमलामाई न. पा.- १४ सिन्धुली**

बिस्तारै बिस्तारै मेरो पनि बचपन सकियो।
जब रहर सक्यो अनि लाग्यो मन सकियो।

फेरि खोजेर कहाँ भेटिन्छ वृद्धमा जवानी,
जसरी खुशी घट्यो त्यहन सहन सकियो।

म सोच्दैछु बाँकी जिन्दगी कसरी चल्छ ,
तपाईं भन्नू हुन्छ अचानक वचन सकियो।

स्वतन्त्र सकेपछि उमेर बल्ल थाहा पाएँ,
रहरै रहरमा यसपटकको लगन सकियो।

समयको रेखा त्यकनास हुँदैन ठाउँमा,
हेर्नुस् बेलै नपुगी कसरी जीवन सकियो।

## रोचक/प्रेरक प्रसङ्ग

# संसारकै अनौठो फूल जसमा कहिल्यै भमरा बस्दैन



फूल भन्ने बित्तिकै बासना र सुन्दरताको संगम भन्ने बुझिन्छ । हाम्रो आसपास समेत कैयन् खालका फूलका विरुवा हुन्छन् जुन सुन्दर हुन्छन् । फूल हेरे पछि आँखालाई अलग्गै खालको शीतलता प्राप्त हुन्छ र थकान पनि भाग्दछ।

वास्तवमा फूल केवल मानिसलाई मनपर्ने मात्र होइन अन्य जीवलाई पनि निकै लाभदायी हुन्छ । मौरी, पुतली, भमरा लगायतका किराहरुको लागि त फूल खानाको मूख्य श्रोत नै हो । त्यसैले ढकमक्क फूलेको फूलमा मौरी, पुतली तथा भमराहरु झुम्मिएको देखिन्छ। तर संसारमा एउटा यस्तो फूल छ जसमा कहिल्यै पनि भमरा लगायतका यी किराहरु बस्दैनन् ।

कहिल्यै पनि भमरा नबस्ने फूल चम्पा हो । यो फूलबाट विशेष खालको गन्ध निस्किन्छ साथै फूलमा पराग पनि हुँदैन। त्यसैले भमराहरु यो फूलको नजिकसम्म पनि आउँदैनन् । भमरा मात्र होइन पुतली र मौरी लगायतका किराहरु पनि यो फूलमा आउँदैनन् ।

चम्पा फूलको विशेषता के भने यसको रुख सधै हराभरा हन्छ । फूल हल्का सेतो पहैंलो रंगको र सुगन्धित हुन्छ । यो फूल प्रायः हिन्दु संस्कार अन्तरगत पुजाहरुमा प्रयोग गरिन्छ ।

चम्पाको फूलको तेल तथा अत्तरहरु पनि बनाइन्छ । यसको फूल र रुखको उपयोग औषधि बनाउन पनि प्रयोग हुन्छ। चम्पाको बोट वास्तुको दृष्टिले पनि सौभाग्यको प्रतीक मानिन्छ। एजेन्सीको सहयोगमा

**बाख्रा पालन......**

मुख वरिपरि घांउ आउने रोगलाई मुआलो भनिन्छ। यो विषाणु वाट लाग्ने रोग हो, घाउलाई एण्टीसेप्टिक औषधिले सफा गरेर एण्टिवायोटिक ट्यावलेट वा सुई ७ दिन सम्म लगाउनु पर्छ ।

बाख्राले छेर्ने, नखाने र दुव्लाउदै जाने हुदाँ के गर्नु पर्ला ?

क. नाम्ले रोग लागेर यस्तो भएको हुन सक्छ , प्राविधिकको सल्लाह लिने ।

ख. जेनिलज्यान - १०-३० मि.लि. तौल अनुसार दिने ।

ग. फ्यासिनेम्स २५० मि.ग्राम ट्याव - २ दिन सम्म दिने ।

बाख्राहरुले खोक्ने सिंगान बगाउने गर्दा के गर्नु पर्ला ?

क. कफगो पाउडर १० ग्राम दिनमा दुई पल्ट खान दिने ।

ख. एण्टीवायोटिक टेवलेट २५० मि.ग्रा दैनिक खान दिने ।

ग. प्राविधिकको सल्लाह लिने ।

बाख्राले छेर्ने / सिंगान बगाउने लक्षण देखाएमा के गर्नु पर्ला ?
क. नेबलोन पाउडर १०-२० ग्राम दिनमा दुई पल्ट खान दिने ।
ख. एण्टीवायोटिक टेवलेट २००-४०० मि.ग्रा.सात दिन सम्म खान दिने ।

ग. प्राविधिकको सल्लाह लिने ।

बाख्राले राम्रोसंग मन लगाएर नचर्ने/नखाने हुदा के गर्नु पर्ला ?

क. गोवर परिक्षण गराई जुका परेको छ, छैन हेरी प्राविधिकको सल्लाहमा औषधि दिने ।

ख. खाना रुची वढाउने औषधिहरु जस्तै - हिमालयन वतिसा, रुचामेम्स १५-३० ग्राम दैनिक एक हप्ता सम्म दिने ।

ग. रुमेन्टोन/एनोरेकसोन ट्याव एक चौथाई दुई पल्ट दिने ।

बाख्रा बाली नजाने समस्या पर्दा के गर्नु पर्ला ?

बाख्राको स्वास्थ्य राम्रो छ र पाठो हुर्किएको छ तर बोका नखोजेमा

क. नजिकको भेटेनरी प्राविधिकसंग सल्लाह लिई उपचार गराउने ।
ख. नुन र पोसिलो दाना वढाउने ।

ग. पुजना वा वझत्र १ ट्यावलेट खान दिने ।
ब्याएको बाख्राको पाठा/पाठीलाई दूध कम भएमा के गर्ने ?

पाठा/पाठी हुर्काउनलाई माउको दूध नपुग्दा वा माउ मरेमा गाई/भैंसीको दूध दैनिक बिहान, दिउँसो, वेलुका पाठा/पाठीको शारिरीक तौल अनुसार ५०-१०० मि.लि. पिलाउने ।
बाख्राको माउ छनौट कसरी गर्ने ?
-जुम्ल्याहा वा सो भन्दा वढी पाठा/पाठी ब्याउने ।
-पाठा/पाठीलाई दूध पुर्याई हुर्काउने ।

-देख्नमा स्वस्थ्य र ठुलो कल्चौडा भएको
-दुई वेतको अन्तराल कम हुने माउ छनौट गर्नु पर्छ ।

अहिले नयाँ जातको अफ्रिकी बाख्रा राम्रो छ भनिन्छ नि ?

हो, दक्षिण अफ्रिकाको वोएर जातको बाख्राको माग राम्रो छाछिटो शारिरीक वृद्धि हुने र बढने भएकोले किसानले मन पराएको हो। तर सरकारी स्रोतबाट अझै सिफारिश भैसकेको छैन, अनुसन्धानको क्रममा छ ।

नेपाल सरकारबाट सिफारिश भएका बाख्राका विकासे जात के के हुन ?

नेपाल सरकारबाट सिफारिश भएका बाख्रामा जमुनापारी, बारबेरी, विटल, सानान, प्रमुख पर्दछन ।

नेपालमा पालिने स्थानीय बाख्राको प्रमुख जातहरु के के हुन ?

-नेपालको स्थानिय बाख्रामा - पाहाडी क्षेत्रमा खरी बाख्रा, हिमाली क्षेत्रमा च्याङग्रा, सिन्हाल प्रमुख हुन् ।तराइको क्षेत्रमा तराई बाख्रा प्रचलित छ ।

**प्यूठान नगरपालिकाको फोहोर मैला व्यवस्थापन सन्देश :**

**कसैले देहायको काम गरेमा कसुर गरेको मानिनेछ ।**

- नगरपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला निष्काशन गर्ने ।
- घर, कम्पाउण्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने ।
- फोहोरबाट निस्केको दुषित पानी (लिचेट) वा दल चुहाई अन्य व्यक्तिको घरमा जम्मा प्रदुषित गराउने ।
- सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको सवारी साधन बिसाउने वा बिसाई रहेको सवारी साधन हटाउन इन्कार गर्ने ।
- जन स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा सार्वजनिक स्थलमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्ने ।
- श्रोतमै फोहोरमैलाको वर्गिकरण नगरी फोहोरमैला मिसाएर निष्काशन गर्ने ।
- मरेको वा मारेको पशुपक्षि र सोको लादि, प्वाँख, हड्डि तथा माछाको कत्ला आदि सार्वजनिक स्थल, गल्ली चोकमा राख्ने, फाल्ने वा थुपार्ने ।
- सार्वजनिक सवारी साधनबाट यात्रा गर्ने क्रममा झ्यालबाट सार्वजनिक स्थल तथा सडकहरुमा कुनै पनि प्रकारको फोहोरजन्य पदार्थहरु जथाभावी फ्याँक्ने ।

सजाय : माथि उल्लेखित कसुर गर्ने व्यक्तिलाई स्थानीय निकायले पहिलो पटक भए रु. ५०० जरिवाना, दोस्रो पटक भए रु. १,००० जरिवाना, तेस्रो पटक वा सो भन्दा बढी पटक गरेमा रु. ३,००० जरिवाना र फोहोरमैला उठाउन लाग्ने खर्च समेत निजबाट असुल उपर गर्न सक्नेछ ।




पत्रिका मागेर होइन । किनेर पढ्ने बानी बसालौं । पत्रिकाको ग्राहक बन्नुपरे तथा सुचना, विज्ञापन र समाचारका लागि सम्झनुहोस।

फोन : ०८६-५९०४३६


















**झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक**

अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)

कार्यालय : प्यूठान न.पा.-४, विजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान